# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## सोनाम ल्होसार २०७९ को शुभकामना सन्देश

आज तामाङ समुदायको महत्वपूर्ण पर्व **'२८५९ औं सोनाम ल्होसार'**। तामाङ समुदायबीच प्रचलित पञ्चाङ्ग अनुसार आजबाट एउटा वर्ष पूरा भई अर्को वर्ष सुरु भएको छ। यो नव वर्ष **'सोनाम ल्होसार'** ले हामी सबै माझ सुख, शान्ति र समृद्धि अभिवृद्धि हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

हाम्रा अन्य पर्वहरुझैं **'सोनाम ल्होसार'** लाई पनि हामी एउटा महत्वपूर्ण पर्व मान्छौं। बहुल जातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक समाजका अभिन्न अङ्गका रुपमा रहेको हाम्रो समाजमा हाम्रा सबै समुदायको प्रतिनिधीत्व रहेको छ। विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् बन्धुत्व र पारस्परिक मेलमिलाप नै हाम्रो समाजको मूल चरित्र हो। हाम्रा यस्ता राष्ट्रिय धरोहरप्रति हामी सबैले गौरवबोध गर्न सक्नुपर्दछ। यस्ता पर्वले हामीलाई सामुहिक हित, आपसी सम्मान र भाइचाराको सम्बन्ध विकास तथा विस्तारमा प्रेरित गर्न सकोस् भन्ने पुनः एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७९ माघ ०८ गते आइतबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख